# कृषि ज्ञान केन्द्र, ओखलढुंगाको

# मासिक कृषि बुलेटिन

"कृषि मुलश्य जीवनम"

वर्ष १ अङ्क ९ बैशाख महिना-२०७७/०७८


यस भित्र

## यस भित्र


१. जिल्लास्तर अनुदानग्राही छनौट समितिको बैठक सम्पन्न

२. सम्पन्न भएका अनुदान कार्यक्रमको भुक्तानी

३. आकस्मिक प्रकोप सहयोग कार्यक्रम संचालन

४. स्थानीय तहका प्राबिधिकसंग मासिक समन्वय तथा तथ्यांक अध्यावधिक बैठक सम्पन्न

५. सघनबाली विकास कार्यक्रम तालिम संचालन

६. ब्लक विकास कार्यक्रम



**प्रकाशक**

प्रदेश सरकार

भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र ओखलढुङ्गा**

प्रदेश नं.१

कार्यक्षेत्रः ओखलढुङ्गा

टोल फ्रि नं. १६६००३७५२०००

फोन नं. ०३७-५२०१३०

ईमेल ठेगानाः akcokhaldhunga@gmail.com


### १. जिल्लास्तर अनुदानग्राही छनौट समितिको बैठक सम्पन्न

कृषि ज्ञान केन्द्र ओखलढुंगाको जिल्लास्तर अनुदानग्राही छनौट समितिको बैठक २०७८ साल बैशाख २८ गते बसेको थियो । उक्त बैठकबाट कृषि ज्ञान केन्द्र ओखलढुंगाको स्विकृत वार्षिक कार्यक्रम अनुसार आ.व.२०७७/७८ मा संचालन गर्नु पर्ने कृषि यान्त्रिकरणका लागि औजार उपकरण प्रवर्द्धन कार्यक्रमको लागि अनुदानग्राही कृषक छनौट गरी निर्णय भएको थियो ।

### २. सम्पन्न भएका अनुदान कार्यक्रमको भुक्तानी

कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम अन्तरगत देहायका कृषि फर्म/कृषक समूहले सम्झौता बमोजिम कार्यसम्पन्न गरी कार्यालयबाट उपलब्ध हुने अनुदान रकम भुक्तानी भएको थियो ।

१) शिबम कृषि फर्म, मानेभन्ज्यांग गा.पा. २ (नमुना कृषि फर्म स्थापना सहयोग कार्यक्रम)


२) घिसिंग कृषि तथा पशुपन्छी फर्म, खिजिदेम्बा गा.पा. ५ (नमुना कृषि फर्म स्थापना सहयोग कार्यक्रम)

३) माझ चण्डेश्वरी कृषक समूह, सिद्धिचरण न.पा. ४ (बिउ बिजन आत्मनिर्भर कार्यक्रम)

### ३. आकस्मिक प्रकोप सहयोग कार्यक्रम संचालन

ओखलढुंगा जिल्लाको मानेभन्ज्याङ गाउँपालिका वडा नं. ५, रिचुवा र थाक्लेमा २०७६ साल भाद्र महिनामा पहिलो पटक देखा परेको अमेरिकन फौजीकीरा यस वर्षको खेतमा लगाएको वसन्ते र वर्षे मकै बालीमा बैशाख

महिनादेखि यो किराको प्रकोप देखा परेको छ । जिल्लाको चिशंखुगढी गाउँपालिका, सिद्धिचरण नगरपालिका, मानेभन्ज्याङ गाउँपालिका, मोलुङ गाउँपालिका, चम्पादेवी गाउँपालिका, सूनकोशि गाउँपालिका र लिखु गाउँपालिकाको विभिन्न क्षेत्रमा लगाईएको मकै बालीमा करिब ३ हजार हेक्टर भन्दा बढी क्षेत्रमा यस किराको प्रकोप फैलिएको अवस्था छ ।




**चित्र नं. १** *ओखलढुंगा जिल्लाको विभिन्न क्षेत्रमा फैलिएको फौंजी किराको प्रकोपको स्थिति*

कृषि ज्ञान केन्द्र ओखलढुंगाबाट तत्काल किरा व्यवस्थापन गर्न आकस्मिक प्रकोप सहयोग कार्यक्रमबाट स्थानीय तहका कृषि विकास शाखा र कृषक समूह तथा कृषकहरुलाई इमामेक्टीन बेन्जोयट ५% SG विषादी वितरण र विषादी प्रयोग गर्ने विधि बारे प्राविधिक परामर्श दिईएको थियो ।

## ४. स्थानीय तहका प्राबिधिकसंग मासिक समन्वय तथा तथ्यांक अध्यावधिक बैठक सम्पन्न

जिल्लाको कृषि सम्बन्धी तथ्यांकलाई नियमित अध्यावधिक गर्न जिल्लामा रहेका स्थानीय तहमा कार्यरत् प्राबिधिकसंग मासिक समन्वय तथा तथ्यांक अध्यावधिक बैठक २०७८ साल बैशाख २६ गते बसेको थियो । उक्त बैठकमा स्थानीय तह कृषि विकास शाखाले क्रप कटिङ गरि उत्पादन तथा उत्पादकत्व लिईएको तथ्यांक सम्बन्धि छलफल, कृषि ज्ञान केन्द्रबाट संचालन भएका कृषि व्यवसाय प्रवर्द्धन अनुदानको कार्यक्रम अवस्था र कृषि ज्ञान केन्द्र र स्थानीय तह कृषि विकास शाखाहरुबाट भए गरेका क्रियाकलापहरु लगायतका विभिन्न विषयमा छलफल तथा निर्णय भई बैठक सम्पन्न भएको थियो ।



**चित्र नं. २** *स्थानीय तहमा कार्यरत प्राविधिकहरु संग मासिक समन्वय बैठक*

## ५. सघनबाली विकास कार्यक्रम तालिम संचालन

ओखलढुंग जिल्लाको मोलुंग गाउँपालिका वडा नं. ४ जरायोटार र वडा नं. ५ प्रप्चामा अन्नबालीमा क्षमता अभिवृद्धि २ दिने स्थलगत तालिम बैशाख महिनाको दोश्रो हप्तामा संचालन गरिएको थियो । उक्त तालिममा करिब ५० जना कृषकले धानको बिउ उपचार गर्न, मकै र धान बालीको रोग किरा व्यवस्थापन गर्न लगायतको

विषयमा सैदान्तिक तथा व्यवहारीक सिकाई हासिल गरेका थिए ।



**चित्र नं. ३** *तालिममा व्यवहारीक रुपमै जैविक विषादी बनाऊन सिक्दै कृषकहरु मोलुंग गा.पा. ४ जरायोटार*



**चित्र नं.** ४ *अन्नबालीमा क्षमता अभिवृद्धि स्थलगत तालिममा सहभागी कृषकहरु मोलुंग गा.पा. १ प्रप्चा*

## ६. ब्लक विकास कार्यक्रम

ओखलढुंगा जिल्लामा आलु (दुई), आँप, प्लाष्टिक घरमा तरकारी खेति गरि जम्मा चारवटा ब्लक विकास कार्यक्रम संचालन भइरहेका छन । उक्त ब्लक क्षेत्रमा कृषकहरुले सम्झौता बमोजिमका क्रियाकलाप तिब्र गतिमा

संचालन भईरहेका छन् । सुनकोशी गाउँपालिका वडा नं. १ र २ मा आँप खेति, रोगकिरा व्यवस्थापन, बजार व्यवस्थापन लगायतका विषयमा स्थलगत तालिम संचालन भएको थियो । चम्पदेवी गाउँपालिकामा संचालित आलु ब्लक विकास कार्यक्रममा पुर्व मूल बिऊ उत्पादन , रोग किरा व्यवस्थापन र आलुको व्यवस्थित भण्डारण लगायतका विषयमा स्थलगत तालिम संचालन गरिएको थियो । उक्त तालिमहरु बाट करिब १५० कृषक प्रतक्ष लाभान्वीत भएका थिए ।




**चित्र नं. ५** *सुनकोशी गा.पा. १ र २ मा संचालित आँप ब्लक विकास कार्यक्रमको अभिमुखीकरण गोष्ठी र स्थलगत तालिममा सहभागी कृषकहरु*



**चित्र नं. ६** *चम्पदेवी गा.पा. वडा नं. १ मा संचालित आलु ब्लक विकास कार्यक्रमको स्थलगत तालिममा सभागी कृषकहरु*

## सरोकारवालाहरु तथा कृषकहरुमा मकै बालीमा लाग्ने अमेरिकन फौजी कीरा व्यवस्थापन बारे जानकारी

यो खतरनाक कीरा भएकोले हाल जिल्लाको विभिन्न क्षेत्रहरुमा लगाईएको बसन्ते तथा वर्षे मकै बालीमा अमेरिकन फौजी कीराको प्रकोप देखापरेकोले बाली उत्पादनमा हुनसक्ने नोक्सानीबाट बचाउन यो कीराको व्यवस्थापनको निम्ति एउटै मात्र उपाय प्रभावकारी नहुने हुँदा निम्न बमोजिमका एकिकृत शत्रुजीव व्यवस्थापनका उपायहरु अवलम्बन गर्नु हुन हार्दिक अनुरोध गर्दछौं ।

- खेतबारीमा मकै उम्रेदेखि नियमित रुपमा अनुगमन गरी कीराको उपस्थिति र सम्भावित क्षतिको आँकलन गर्नुहोस् ।
- मकैको घोगामा समेत नोक्सान गर्नसक्ने भएकाले खोस्टाले पूरा घोगा छोपिने जातको मकै लगाउनुहोस् ।
- एउटा पकेट क्षेत्रमा सकेसम्म एकै समयमा र अगाडि मकै रोप्नुहोस् ।
- मकैको एकल बाली लगाउनु भन्दा कोशेबाली अन्तरबाली वा मिश्रित बालीको रुपमा लगाउँदा कीराको प्रकोप कम हुने हुँदा उक्त प्रविधि अवलम्बन गर्नुहोस् ।

- डेस्मोडियम घाँस एक किसिमको गन्ध आउने जुन यो कीरालाई मन नपर्ने हुनाले विकर्षक बालीको रुपमा मकैको बीच बीचमा लगाउने र छेउछाउमा पासो बालीको रुपमा नेपियर घाँस लगाएर कीरालाई आकर्षित गरी नेपियरमा मात्र विषादी प्रयोग गरी कीरा मानुहोस् ।
- बिरुवालाई स्वस्थ्य र कीराको क्षति सहनसक्ने बनाउन सिफारिस गरिए अनुसार सन्तुलित मलखादको प्रयोग गर्नुहोस् ।
- मकै रोप्नु अघि इमिडाक्लोप्रिड ४८ प्रतिशत एफ.एस. बिषादी प्रति किलोग्राम बीउमा ४ मी.ली.का दरले बीउ उपचार गरेर रोप्दा शुरुको ३ हप्तासम्मको बिरुवाहरुलाई क्षति हुनबाट बचाउनुहोस् ।
- निरीक्षणको क्रममा पातको तल्लो सतहमा झुण्डमा पारिएका अण्डाहरु संकलन गरी नष्ट गर्नुहोस् ।
- पातमा सेता लाम्चा झिल्ली सहितका प्वालहरु देखा परेमा नीमजन्य विषादी ५ मिली लिटर प्रति लिटर पानीमा मिसाएर छर्नुहोस् ।
- मकैको पातमा लार्भाले क्षति गरेको प्वालहरु तथा गुभोमा क्षतिको लक्षण देखा परेमा अनिवार्य रुपमा सुरक्षित पहिरन लगाई निम्नानुसारका रासायनिक विषादीहरु आलोपालो गरी विषादी मिसाएको घोल प्रति रोपनी २५ लिटरका दरले प्रयोग गर्नुहोस् ।
- इमामेक्टिन बेन्जोएट (Emamectin Benzoate) ५ प्रतिशत एस.जी. १ ग्राम प्रति २.५ लिटर पानीका दरले वा
- स्पाइनेटोराम (Spinetoram) ११.७ एस.सी. १ मी.ली. प्रति २ लिटर पानीका दरले वा
- क्लोरएन्ट्रानिलीप्रोल (Chlorantraniliprole) १८.५ प्रतिशत एस.सी. १ मी.ली. प्रति २.५ लिटर पानीका दरले वा
- स्पाइनोस्याड (Spinosad) ४५ प्रतिशत एस.सी. १ मी.ली. प्रति ३ लिटर पानीका दरले मिसाएर छर्नुहोस् ।

लार्भा हुर्केपछि तथा मकैको घोगा लाग्न थालेपछि विषादीको प्रयोग प्रभावकारी नहुने हुँदा विषादी प्रयोग नगर्ने । त्यसैले, मकै बालीमा कीराको क्षतिको लक्षणहरु देखिनासाथ विषादीको प्रयोग वा अन्य व्यवस्थापन विधि अपनाई नियन्त्रण गर्नु पर्दछ । रासायनिक विषादीको प्रयोग गर्दा सुरक्षात्मक उपायहरु (मास्क, चस्मा, पुरा बाहुला भएको लुगा र जत्ता लगाएर) अवलम्वन गर्नुपर्छ । पर्खनु पर्ने समयको ख्याल गरौ र जथाभावी बिषादीको दुरुपयोग नगरौं ।

**"विषादी विष हो, औषधि होईन"**

**थप जानकारीको लागि कृषि ज्ञान केन्द्र,ओखलढुंगा, फोन नं ०३७-५२०१३० वा टोल-फ्रि नम्बर १६६०३७५२००० मा सम्पर्क गर्न सक्नु हुनेछ ।**

## धानको बीउ छनौट र उपचार विधि

धानको उत्पादन बढाउनका लागि सवैभन्दा पहिले बीउको छनौट र उपचारमा ध्यान दिनु पर्छ । त्यसका लागि

१. वाल्टी वा भाडोमा पानी भरेर त्यसको पिंधमा कुखुराको नबिग्रेको अण्डा राख्ने र त्यो पानीमा खाने नुन थप्दै जाने ।

२.  अण्डा पानीमा उत्रेपछि नुन थप्न वन्द गर्ने ।

३. बीउलाइ उक्त घोलमा २–५ मिनेट जति छाडिदिने।



**चित्र नं. ७** *बिऊ छनौट गर्न नुन पनिमा बिऊ राखीएको*

४. उत्रेका सबै बिउ हटाउने र पिँधमा थिग्रिएको बीउलाई तुरुन्तै सफा पानीमा ३ पटक राम्ररी सफा गर्ने



**चित्र नं. ८** *माथि तैरीएको धानलाई हटाऊने*



**चित्र** *चित्र नं. ९ पिधमा भएको बिउलाई  ३ पटक 'को धोएर फिजाउदै*

५. २ ग्राम बेभिष्टिन नामक विषादी  १ किलो धानको दरले राम्ररी चलाएर सबैतिर मिलाउनु पर्छ।

६. यसरी उपचार गरिएको बीउलाई १२ घण्टासम्म भिजाउनुपर्छ ।

७. २४–४८ घण्टासम्म ढडयाएर वीउमा अङ्कुरण भएपछि मात्र व्याडमा छर्नु पर्दछ ।

यसरी बीउ उपचार गरेर धान रोप्दा १० देखि १५ प्रतिशतसम्म उत्पादनमा बृद्धि भएको पाइन्छ । बीउबाट लाग्ने धेरै रोगहरुको निराकरण हुन्छ ।

प्रदेश सरकार
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास नर्देशनालय
**कृषि ज्ञान केन्द्र ओखलढुङ्गा**
प्रदेश नं.१
कर्यक्षत्रः ओखलढुङ्गा

....................................................................

....................................................................